आज मिति २०८१ साल जेठ २८ गते सोमबारका दिन जैमिनी नगरपालिकाका नगर प्रमुख श्री नर बहादुर पुन ज्यूको अध्यक्षतामा दोस्रो नगर कार्यपालिकाको ३२ औ बैठक देहाय बमोजिमको उपस्थितिमा बसी देहाय बमोजिमको निर्णय गरियो ।

उपस्थिति

| क स | पद | नाम थर | हस्ताक्षर |
|---|---|---|---|
| १ | नगर प्रमुख | श्री नर बहादुर पुन | |
| २ | नगर उपप्रमुख | श्री हरिहर शर्मा | |
| ३ | वडा अध्यक्ष वडा नं १ | श्री विष्णु प्रसाद आचार्य | |
| ४ | वडा अध्यक्ष वडा नं २ | श्री प्रेम सापकोटा | |
| ५ | वडा अध्यक्ष वडा नं ३ | श्री कृष्ण बहादुर भुजेल | |
| ६ | वडा अध्यक्ष वडा नं ४ | श्री चक्र बहादुर थापा | |
| ७ | वडा अध्यक्ष वडा नं ५ | श्री ठग बहादुर क्षेत्री थापा | |
| ८ | वडा अध्यक्ष वडा नं ६ | श्री कृष्ण बहादुर थापा | |
| ९ | वडा अध्यक्ष वडा नं ७ | श्री केन्द्र बहादुर सुनार | |
| १० | वडा अध्यक्ष वडा नं ८ | श्री बिमल श्रीस राना | |
| ११ | वडा अध्यक्ष वडा नं ९ | श्री सन्दिप थापा | |
| १२ | वडा अध्यक्ष वडा नं १० | श्री श्रीप्रसाद थापा | |

| | | | |
|---|---|---|---|
| १३ | कार्यपालिका सदस्य | श्री भगवती शर्मा सापकोटा | |
| १४ | कार्यपालिका सदस्य | श्री चिन्तामणि दर्जी | |
| १५ | कार्यपालिका सदस्य | श्री दुर्गा देवी पाध्या | |
| १६ | कार्यपालिका सदस्य | श्री लाल बहादुर परियार | |
| १७ | कार्यपालिका सदस्य | श्री भरत वि.क | |
| १८ | कार्यपालिका सदस्य | श्री शान्तकला शर्मा | |
| १९ | कार्यपालिका सदस्य | श्री गीता कुमारी वि.क | |
| २० | कार्यपालिका सदस्य | श्री शान्ती सुनार | |
| | सचिव ( प्रमुख प्रशासकीय अधिकृत ) | श्री हरि बहादुर भुजेल | |

हरि बहादुर भुजेल
प्रमुख प्रशासकीय अधिकृत

जैमिनी नगरकार्यपालिका बैठक संख्या ३२

कार्यपालिका बैठकका प्रस्ताव सूचि

मिति २०८१।२।२८ गते

१. गत बैठकको समिक्षा ।

२. हाल सम्मको आय व्यय सार्वजनिक ।

३. योजनाहरुको फरफराक सम्वन्धमा ।

४. कार्यस्थलमा हुने लैङ्गिक हिंसा र यौनजन्य दुर्व्यवहार विरुद्दको आचार संहिता, २०८१ सम्वन्धमा ।

५. स्थानीय वाल अधिकार समिति गठन र सञ्चालन कार्यविधि, २०८१ स्वीकृत सम्वन्धमा ।

६. नगरको Wash Plan निर्माणका लागि म्याद थप सम्वन्धमा।

७. जैमिनी नगरपालिकाको स्नातक तह छात्रवृत्ति सम्वन्धी मापदण्ड,२०८० संसोधन सम्वन्धमा

८. जैमिनी न पा को नगर खेलकुद विकास कार्यविधि,२०८१ संसोधन सम्वन्धमा।

९. पुरानो गाँउ मेला सम्वन्धमा ।

१०. प्रथम बागलुङ जिल्ला स्तरीय न्यायिक सम्मेलन सञ्चालन सम्वन्धमा।

११. विपद् प्रतिकार्य योजना सम्वन्धमा ।

१२. नगर सभा तयारी सम्वन्धमा ।

१३. विधुत सव-स्टेशन निर्माण सम्वन्धमा ।

१४. विपद् राहत कोषमा आवश्यक बजेट व्यवस्थापन सम्बन्धमा ।

१५. वडा नं ९मा वडा कार्यालय भवनका लागि जग्गा प्राप्ति सम्वन्धमा ।

१६. एम्बुलेन्सको दर्ता खारेजी सम्वन्धमा ।

जैमिनी नगरपालिका नगर कार्यपालिकाको कार्यालय कुश्मीसेरा, बागलुङ २०७३

हरि बहादुर भुजेल
प्रमुख प्रशासकीय अधिकृत

जैमिनी नगरकार्यपालिका बैठक संख्या ३२

निर्णयहरु

निर्णय नं १

यस अघि कार्यपालिकाको वैठकबाट गरिएका निर्णयहरु कार्यान्वयनका सम्वन्धमा छलफल गरियो । अधिकांश निर्णयहरु कार्यान्वयनमा गइसकेको देखियो । प्रभावकारी रुपमा निर्णय कार्यान्वयनका लागि कार्यालयलाई सुझाव दिने निर्णय गरियो ।

निर्णय नं २

पालिकाको हाल सम्मको आम्दानी र खर्चको विवरण निम्नानुसार रहेको जानकारी गराइयो । उपरोक्तानुसार प्रगति र आय व्यय विवरण अनुमोदन गर्ने र नगरपालिकावाट हाल सम्म विभिन्न मितिमा भएका आयोजना तथा कार्यक्रम र प्रशासनिक खर्च तर्फका कार्यक्रम खर्च रकम फरफारक गर्ने निर्णय गरियो ।

निर्णय नं ३

आर्थिक वर्ष २०८०।०८१ तर्फका निम्नानुसारका योजनाको सम्वन्धमा नगर स्तरीय अनुगमन समितिले पेश गरेको अनुमोदन प्रतिवेदन अनुसार फरफारक गर्न पेश भएका योजनाको फरफारक अनुमोदन गर्ने निर्णय गरियो ।

निर्णय नं ४

सुरक्षित स्वच्छ मर्यादित र लैङ्गिकमैत्री कार्यस्थल निर्माणको वातावरण सृजना गर्न साथै कार्यस्थलमा हुने लैङ्गिक हिंसा र यौजजन्य दुव्यवहार नियन्त्रलय गर्ने उदेश्यले यस जैमिनी नगरपालिकाको कार्यस्थलमा हुने लैङ्गिक हिंसा र यौनजन्य दुर्व्यवहार विरुद्दको आचार संहिता-२०८१ स्वीकृत गर्ने ।

निर्णय नं ५

बाल अधिकारको संरक्षण र संवर्द्धन सम्वन्धी कार्य गर्नका लागि जैमिनी नगरपालिकाको स्थानीय बाल अधिकार समिति गठन तथा सञ्चालन कार्यविधि-२०८१ स्वीकृत गरि लागु गर्ने ।

निर्णय नं ६

जैमिनी नगरपालिकाको खानेपानी सरसफाई तथा स्वच्छता योजना (Wash Plan) तयार गर्न नेपाल स्वास्थ्यका लागि पानी (नेवा) र जैमिनी नगरपालिका विच भएको सम्झौता तथा प्रथम पटक थप

जैमिनी नगरपालिका नगर कार्यपालिकाको कार्यालय कुश्मीसेरा, बागलुङ २०७३

हरि बहादुर भुजेल
प्रमुख प्रशासकीय अधिकृत

गरिएको म्याद मिति २०८०|०६|२० गते समाप्त भएको तर उक्त संस्थावाट योजनामा रहने तथ्याङ्कहरूको प्रमाणिकरण र विश्लेषण गर्ने लगायत कार्यहरू बाँकी रहेको र खानेपानी र ढलनिकास विभागवाट सो को अन्तिम स्वीकृतिको कार्य समेत बाँकी रहेकोले चालु आ.व. २०८०/०८१ सम्म म्याद थप गरि पाउन भनि उल्लेखित संस्थाबाट अनुरोध भई आएको सन्दर्भमा मिति२०८०|०६|०१ को कार्यालयको निर्णयबाट मिति२०८१|०३|२४ सम्म म्याद थप गरिएको निर्णयलाई आजको बैठकबाट समर्थन गर्ने निर्णय गरियो।

निर्णय नं ७

जैमिनी नगरपालिकाको स्नातक तह छात्रवृत्ति सम्वन्धी मापदण्ड, २०८० परिच्छेद चार को दफा ५ को उपदफा १ मा देहाय बमोजिम संशोधन गर्ने निर्णय गरियो । (क्याम्पसले चालु शैक्षिक सत्रमा स्नातक तह प्रथम बर्षमा भर्ना भइ र क्रमशः दोश्रो, तेश्रो र चौथो बर्षमा समेत निरन्तरता दिने अध्ययनरत कुल विद्यार्थी मध्ये ८ जना कोटामा प्रति विद्यार्थी प्रति महिना रुं. ६०००।- (छ हजार रुपैया मात्र) का दरले १० महिनाको रकम उपलव्ध गराउने र छात्रवृत्ति प्राप्त गर्ने छात्राहरु अनिवार्य रुपमा छात्रावासमा बस्नु पर्नेछ ।तर छात्रावासमा अध्ययन गर्ने विद्यार्थीहरुको हकमा ७५% आंसिक छात्रवृत्ति मात्र उपलव्ध गराइने छ र पूर्ण छात्रवृत्तिको ८ कोटालाई आंसिक छात्रवृत्ति वनाउदा कोटा वढ्न सक्नेछ ।)भन्ने व्यवस्था संशोधन गरि(क्याम्पसले चालु शैक्षिक सत्रमा स्नातक तह प्रथम बर्षमा भर्ना भइ र क्रमशः दोश्रो, तेश्रो र चौथो बर्षमा समेत निरन्तरता दिने गरि कुल विद्यार्थी मध्ये १२ जना कोटामा प्रति विद्यार्थी प्रति महिना रु. ४०००।- (चार हजार रुपैया मात्र) का दरले १० महिनाको रकम उपलव्ध गराउने र छात्रवृत्ति प्राप्त गर्ने छात्राहरु छात्रावासमा बस्न चाहेमा क्याम्पस प्रशासनले सोको व्यवस्था सोहि छात्रवृत्ति रकमबाट मिलाउनु पर्नेछ ।)

निर्णय नं ८

जैमिनी नगरपालिकाको जैमिनी नगर खेलकुद विकास कार्यविधि २०८० को संशोधन गरि दफा ९ को उप दफा ३ पछि देहाय बमोजिम उपदफा ४ थप गर्ने निर्णय गरियो ।(४) नगरपालिकाको विद्यालय स्तरमा समग्र खेलकुदको विकास र विस्तार एवम् सहजिकरण गर्ने कार्यका लागि नगरपालिकामा निम्न माध्यमिक तह स्तरको एक खेलकुद शिक्षकको पद रहने छ । निजको अन्य काम कर्तव्य र अधिकार नगरपालिकाको शिक्षा युवा तथा खेलकुद शाखाले तोके बमोजिम हुनेछ । निजको तलव भत्ता कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

जैमिनी नगरपालिका नगर कार्यपालिकाको कार्यालय कुश्मीसेरा, बागलुङ २०७३

हरि बहादुर भुजेल
प्रमुख प्रशासकीय अधिकृत

निर्णय नं ९

जैमिनी नगरपालिकाको वडा नं ८ पुरानो गाँउमा मिति २०८१।२।१६ देखि मिति २०८१।२।२०गते सम्म सञ्चालन ~~हुने~~ भएको पुरानो गाँउ मेला सञ्चालनका लागि सुर्योदय यूवा क्लव जैमिनी-८ छिस्तिबाट कार्यक्रम् सञ्चालन प्रस्तावना पेश भई आएकाले उक्त मेलाका लागि मेला महोत्सव शिर्षकबाट रु.२०००००। अक्षयरुपी रु दुई लाख उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं १०

नगरपालिकाको बार्षिक नीति तथा कार्यक्रम र बजेटमा समाविष्ट बागलुङ्ग जिल्लाको प्रथम न्यायिक सम्मेलन यहि मिति समय र स्थानमा आयोजना गर्ने निर्णय गरियो ।

मिति २०८१।२।३२ गते

समय : ११ बजे

स्थान : जैमिनी नगरपालिकाको सभाहल

निर्णय नं ११

जैमिनी नगरपालिकाले तयार गरेको विपद् प्रतिकार्य योजना, २०८१ स्वीकृत गरि लागु गर्ने निर्णय गरयो ।

निर्णय नं १२

जैमिनी नगरपालिकाको नगर सभा यहि असार ९ गते गर्नका लागि निम्नानुसारको कार्ययोजना अनुरुप तयारी गर्ने निर्णय गरियो ।

| क्र स | क्रियाकलाप | मिति |
|---|---|---|
| १ | विषयगत समितिहरुको प्रारम्भिक बैठक | २०८१।३।२९ देखि ३।२ गते सम्म सक्ने |
| २ | राजश्व परामर्श समितिको बैठक | २०८१।३।४ गते सम्म सक्ने |
| ३ | नीति तथा कार्यक्रम लेखन | २०८१।३।६ गते सम्म सक्ने |
| ४ | बजेट तथा कार्यक्रम तर्जुमा समितिको बैठक तथा बजेट लेखन | २०८१।३।७ गते सम्म सक्ने |
| ५ | कार्यपालिकाको बैठक | २०८१।३।८ गते |
| ६ | नगरसभाको बैठक | २०८१।३।९ गते |

नगर कार्यपालिकाको कार्यालय
कुश्मीसेरा, बागलुङ
२०७३

हरि बहादुर भुजेल
प्रमुख प्रशासकीय अधिकृत

जैमिनी नगरकार्यपालिका बैठक संख्या ३२

निर्णय नं १३

जैमिनी नगरक्षेत्रभित्रका विभिन्न बस्तीमा सुरक्षित र गुणस्तरीय विधुत पहुँच सुनिश्चित गर्न यस नगरपालिका भित्रनै विधुत सव स्टेशन निर्माण गर्नु पर्ने भएकाले स्टेशन निर्माणका लागि नेपाल विधुत प्राधिकरणलाई योजना र कार्यक्रममा समावेश गर्न अनुरोध गरि पठाउने निर्णय गरियो ।

निर्णय नं १४

विपद् राहत कोषमा सम्भावित विपद् जोखिमलाई मध्यनगर गर्दै रकम थप गर्नु पर्ने भएकाले चालु खर्च शिर्षक मध्ये सीप विकास तथा जनचेतना तालिम तथा गोष्ठी सम्वन्धी खर्च को रु. १००००००। (अक्षयरुपी दश लाख मात्र) रकमान्तर गर्ने निर्णय गरियो।

निर्णय नं १५

वडा नं ९ को वडा कार्यालय र स्वास्थ्य चौकीको लागि जग्गा प्रासि सम्वन्धमा वडा समितिबाट सिफारिस भई आएकोमा जग्गा प्राप्ती ऐन, २०३४ अनुसार प्रक्रिया अगाडि वढाउन संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा लेखि पठाउने निर्णय गरियो ।

निर्णय नं १६

नगरपालिका भित्रका आम नागरिकलाई स्वास्थ्य उपचारका लागि स्वास्थ्य संस्था सम्म लैजाने एक मात्र प्राथमिक स्वास्थ्य केन्द्र द्वारा सञ्चालित एम्बुलेन्स पटक पटक बिग्रिएको र बिरामीलाई समयमा सम्बन्धित स्थानमा पुर्याउन नसकिएको साथै राष्ट्रिय एम्बुलेन्स निर्देशिका २०७८ को नियम ५को उपनियम ८ अनुसार (ग) वर्गको एम्बुलेन्स सञ्चालन गर्न नपाईने र स्तारोन्नती मर्मतका लागि मेकानिकल ईन्जिनियरको राय माग गरि पठाउदाँ उक्त एम्बुलेन्स मर्मत गरेर समेत सञ्चालन हुन नसक्ने भनि प्राविधिक राय आएकाले ध १ ज १२ नम्बरको एस्बुलेन्स थप नविकरण नगर्ने र दर्ता खारेजी गर्न यातायात कार्यालय बागलुङ्गलाई लेखि पठाउने निर्णय गरियो ।

२०८१/३/२८

हरि बहादुर भुसाल
प्रमुख प्रशासकीय अधिकृत